# फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लिमिटेडको
# दशौं वार्षिक साधारण सभामा भएका काम कारवाहीका विवरण तथा निर्णयहरु

## १. बैधानिक सभा:

यस लघु वित्त वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०७६ असोज ०६ गते बसेको १५६ औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ र यस लघु वित्त वित्तीय संस्थाको नियमावली बमोजिम बोलाइएको दशौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री सुरेन्द्रराज रेग्मीज्यूको अध्यक्षतामा निम्न लिखित मिति, स्थान र समयमा बसी देहायका विषयहरु उपर छलफल र निर्णय भई देहाय बमोजिम दशौं वार्षिक साधारण सभा सम्पन्न भयो ।

## २. सभाको मिति, स्थान र समय:

मिति: २०७६ आश्विन २८ गते मंगलबार (तदनुसार अक्टोबर १५, २०१९)
स्थान: आम्रपाली व्याङ्केट, भाटभटेनी, काठ्माण्डौं ।
समय: विहान १०:२५ बजे प्रारम्भ भई ११:३० बजे सम्पन्न ।

## ३. सभाको सूचना:

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) को प्रावधान अनुसार दशौं वार्षिक साधारण सभा हुने, स्थान, मिति, समय र छलफल हुने विषयहरु सहितको विवरण खुलाई सभामा उपस्थितिको लागि शेयरधनीहरुको लगतमा रहेको इमेलमा शेयरधनीहरुलाई सूचना पठाउनुका साथै सोही ब्यहोराको सार्वजनिक सूचना मिति २०७६/०६/०७ गतेको कारोबार राष्ट्रिय दैनिक र २०७६/०६/१५ गतेको राष्ट्रिय आर्थिक अभियान दैनिकमा प्रकाशित गरिएको थियो । सञ्चालक समितिले साधारण सभामा प्रस्तुत गर्ने प्रस्तावहरु र कम्पनी ऐन २०६३ बमोजिमको शेयरधनीहरुलाई पठाउनु पर्ने संक्षिप्त आर्थिक विवरण शेयरधनी महानुभावहरुलाई यथा समयमा पठाउने व्यवस्था गरिएको थियो । साथै, लघु वित्त वित्तीय संस्थाको *website: www.fmdb.com.np* बाट पनि सूचना सहितको वार्षिक प्रतिवेदन उपलब्ध हुन सक्ने गरी राखिएको थियो ।

## ४. उपस्थिति :

### (क) सञ्चालकको उपस्थिति

| | |
|---|---|
| १. श्री सुरेन्द्रराज रेग्मी (प्रतिनिधि: ग्लोबल आइएमई बैंक लि.) | अध्यक्ष |
| २. श्री बिवेक मान सिंह शाक्य (प्रतिनिधि: देव: विकास बैंक लि.) | सञ्चालक |
| ३. श्री उमेश कटुवाल | सञ्चालक |
| ४. श्री युवराज क्षेत्री | सञ्चालक |
| ५. श्री बामदेव गौली | सञ्चालक |
| ६. श्री ज्ञानेन्द्र ईवाहाङ (प्रतिनिधि: गोर्खाज फाइनान्स लिमिटेड) | सञ्चालक |
| ७. श्री रीता दीक्षित (अर्याल) | स्वतन्त्र सञ्चालक |

(ख) पर्यवेक्षक, आमन्त्रित एवं पदाधिकारी :

| | |
|---|---|
| १. एफ.सि.ए युद्ध राज ओली | पार्टनर, लेखापरिक्षक श्री पि.वाई.सि एण्ड एसोसिएट्स् |
| २. श्री सीताराम खड्का | प्रतिनिधि, कम्पनी रजिष्टार कार्यालय. |
| ३. श्री छविलाल शर्मा पौडेल | प्रतिनिधि, शेयर रजिष्ट्रार, ग्लोबल आइएमई क्यापिटल लि. |
| ४. श्री गोमा राना | प्रतिनिधि, शेयर रजिष्ट्रार, ग्लोबल आइएमई क्यापिटल लि. |
| ५. श्री सोनम दावा शेर्पा | प्रतिनिधि, शेयर रजिष्ट्रार, ग्लोबल आइएमई क्यापिटल लि. |

**व्यवस्थापनका पदाधिकारी**

| | |
|---|---|
| १. श्री भेषराज पन्थी | प्रमुख कार्यकारी अधिकृत |
| २. श्री दानराज पन्त | कम्पनी सचिव/का.मु.नायव प्रमुख कार्यकारी अधिकृत |
| ३. श्री वाबुराम न्यौपाने | वरिष्ठ प्रवन्धक |
| ४.श्री विजय शर्मा | सहायक प्रवन्धक |
| ५. श्री ज्ञानेन्द्र वाग्ले | सहायक प्रबन्धक |

(ग) शेयरधनीको उपस्थिति:

स्वयं उपस्थिति - २४३ जना ।
प्रतिनिधि मार्फत् - १३ जना ।
**उपस्थिति प्रतिशत - ५७.७२**

५ सभामा प्रस्तुत छलफलका विषयहरु:

क) सामान्य प्रस्ताव

१) आर्थिक वर्ष २०७५/७६ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७६ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७५/७६ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र लेखा सम्वन्धी नीतिहरु सहितको तत् सम्बन्धी अनुसूचीहरु र नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) वमोजिम तयार गरिएको बार्षिक वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने ।

३) सञ्चालक समितिवाट प्रस्ताव गरिएको रु.६१,२३,५२३ (अक्षरेपी रु.एकसठ्ठी लाख तेईस हजार पाँच सय तेईस मात्र ) नगद लाभांश कर प्रयोजनका लागि पारित गर्ने ।

४) कम्पनीको आर्थिक वर्ष २०७६/७७ को लेखापरीक्षण कार्यका लागि लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने (बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन,२०७३ बमोजिम वर्तमान लेखापरीक्षक श्री पिवाइसी एण्ड एसोसिएट्स,(युद्धराज ओली, एफ्.सि.ए) चार्टर्ड एकाउन्टेन्टस् पुन: नियुक्त हुन योग्य हुनुहुन्छ) ।

ख) विशेष प्रस्ताव

५) संचालक समितिबाट प्रस्ताव गरे अनुसार चुक्ता पूँजीको १७ प्रतिशतले हुने रु.११,६३,४६,९४६ (अक्षरेपी रु. एघार करोड त्रिसठ्ठी लाख छयालीस हजार नौ सय छयालीस मात्र ) बोनश शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

६) कम्पनीको वर्तमान अधिकृत, जारी तथा चुक्ता पुँजी रु.६८,४३,९३,८०० (अक्षरेपी रु.अठ्सठ्ठी करोड त्रिचालिस लाख त्रियानव्वे हजार आठ सय) बाट बृद्धि गरी रु.८०,०७,४०,७४६ (अक्षरेपी रु.असी करोड सात लाख चालीस हजार सात सय छयालीस ) पुऱ्याउने ।

७) उपरोक्त प्रस्तावहरु बमोजिम प्रबन्धपत्रमा आवश्यक संशोधन गर्ने तथा सोही सम्वन्धमा नियमनकारी निकायबाट भएको निर्देशनलाई समेत समावेश गरी संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

ग) विविध

८) रिक्त संचालकको पदपूर्ति अनुमोदन गर्ने ।

## ६. सभाको बैधानिकता र सभाको अध्यक्षता:

६.१ कम्पनी ऐन, २०६३ तथा लघु वित्त वित्तीय संस्थाको नियमावली बमोजिम यो सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तिमा ३ जना शेयरधनीको उपस्थिति हुनु पर्ने प्रावधान बमोजिम लघु वित्त वित्तीय संस्थाको दशौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीहरुको संख्या २५६ भएको र कुल ६८,४३,९३८ कित्ता शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयर संख्याको ५७.७२ प्रतिशत प्रतिनिधित्व भई साधारण सभाको गणपूरक संख्या पुगेको । साथै, प्रचलित कम्पनी कानुन अनुसार सभा बैधानिक भएकोले रीतपुर्वक साधारणसभाको कारवाही अघि बढाउन सकिने व्यहोरा कम्पनी सचिवले जानकारी गराउनु भयो ।

६.२ लघु वित्त वित्तीय संस्थाको नियमावलीमा भएको प्रावधान बमोजिम यस सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षज्यूले गर्ने व्यवस्था कम्पनी सचिवले जानकारी गराएपछि विहान १०:२५ बजे सञ्चालक समितिका अध्यक्ष श्री सुरेन्द्रराज रेग्मीज्यूको अध्यक्षतामा तथा सम्पूर्ण सञ्चालकज्यूहरुको उपस्थितिमा लघु वित्त वित्तीय संस्थाको दशौं वार्षिक साधारण सभा सुरु भयो ।

## ७. वार्षिक साधारण सभाको प्रस्तुती :

७.१ कम्पनी सचिवज्यूले सभा सञ्चालन गर्नु पूर्व दशौं वार्षिक साधारण सभामा उपस्थित शेयरधनी महानुभावहरुलाई लघु वित्त वित्तीय संस्थाको तर्फबाट अभिवादन गर्नुभयो ।



First Microfinance

७.२ प्रमुख कार्यकारी अधिकृतज्यूले दशौं वार्षिक साधारण सभामा उपस्थित शेयरधनी महानुभावहरुलाई लघु वित्त वित्तीय संस्थाको तर्फबाट स्वागत एवं प्रमुख कार्यकारी अधिकृतको तर्फबाट प्रतिवद्धता व्यक्त गर्नुभयो ।

७.३ अध्यक्षज्यूले पूर्व निर्धारित छलफलको विषय सूची अनुसार आर्थिक वर्ष २०७५।७६ को सञ्चालक समितिको प्रतिवेदन साधारण सभामा प्रस्तुत गरी छलफलका लागि सभा समक्ष पेश गर्नु भयो ।

## ८. छलफलको लागि आह्वान र सहभागी शेयरधनी महानुभावहरु

सभामा शेयरधनी महानुभावहरुबाट लघु वित्त वित्तीय संस्थाको वार्षिक प्रतिवेदन, लेखा विवरण आदिमा निम्नानुसार आफ्नो जिज्ञासा, मन्तब्य तथा सुझावहरु व्यक्त गर्नु भएको थियो ।

८.१ शेयरधनी श्री उद्धवप्रसाद घिमिरेज्यूले यस लघु वित्त वित्तीय संस्थाको दशौं बार्षिक साधारण सभामा पेश गरिएको वासलात तथा नेपाल वित्तीय विवरण प्रतिवेदनमान (NFRS) अनुसारको प्रतिवेदन असाध्यै राम्रो तयार भएको, लघु वित्त वित्तीय संस्थाको वित्तीय सुचाङ्कहरु राम्रो रहेको निष्कृय कर्जाको अनुपात शुन्य रहेको व्याजदरको अन्तर २.५ प्रतिशत कायम राख्न सफल भएको र सञ्चालन मुनाफा तथा खुद नाफा बढाएकोमा संचालक समिति तथा व्यवस्थापनलाई धन्यवाद दिनु भयो । यस लघु वित्त वित्तीय संस्थाले बोनश शेयर वितरण गरेकाले साधारण शेयरधनीहरुलाई ५१ प्रतिशत बराबरको प्रतिफल प्राप्त भएको बताउनु भयो । संस्थाको चुक्ता पूँजी बढाउन सुझाव दिंदै लघुवित्तका जन्मदाता महमद युनुसको संझना गर्नुभयो ।

८.२ शेयरधनी श्री डमरुबल्लभ घिमिरेज्यूले साधारण सभामा वाह्य लेखा परिक्षक स्वयं उपस्थित हुनु भएकोमा स्वागत तथा धन्यबाद व्यक्त गर्नु भयो । भर्खरै सम्पन्न बडा दशैको आउदै गरेको दिपावली तथा छठ पर्वको शुभकामना व्यक्त गर्नु भयो । लगानीकर्ताहरुलाई १७ प्रतिशत बोनश शेयर दिनु राम्रो पक्ष भएको र साधारण शेयरधनीहरुले ५१ प्रतिशतको प्रतिफल पाएकोमा धन्यवाद व्यक्त गर्नु भयो । सेवा पुगेको कार्यक्षेत्र बिगत बर्ष देखि नै ४५ जिल्ला मात्र रहेकोमा विस्तार गर्न सुझाब दिनु भयो । साथै, नेपाल फिन्सफट् कम्पनीमा भएको लगानीका बारेमा प्रष्ट पारिदिनुहुन आग्रह गर्दै आफ्नो भनाई समाप्त गर्नु भएको थियो ।

८.३ शेयरधनीका प्रतिनिधि श्री शिव प्रसाद पौडेलज्यूले समयमा नै वार्षिक साधारण सभा गरी १७ प्रतिशत बोनश शेयर वितरण गर्न लागेको, कर प्रयोजनका लागि नगद लाभांश दिएको र निष्कृय कर्जा शुन्य रहेकोमा व्यवस्थापनलाई धन्यवाद दिनुभयो । उहाँले लघुवित्तको क्षेत्रमा एउटै परियोजना देखाई धेरै बैंक तथा वित्तीय संस्थाबाट ऋणीहरुले कर्जा लिने किसिमको विकृति देखिएकोले थोक कर्जाको कारोबार गर्ने संस्थाहरु पनि सजक रहनु पर्ने सुझाव दिनुभयो । सामाजिक उत्तरदायित्व अन्तरगतको खर्च नगदमा दिनु भन्दा पनि बस्तु तथा उपकरणको रुपमा प्रदान गर्नुपर्ने विचार राख्नु भयो । संस्थाको आफ्नो घर निर्माणको लागि सुझाब दिंदै आगामी दिनमा लाभांश घोषणा गर्दा शेयर कित्ता पुर्णाङ्कि हुनेगरी वितरण गर्न सल्लाह दिनु भयो ।

८.४ शेयरधनी श्री कृष्ण प्रसाद अधिकारीज्यूले यस लघु वित्त वित्तीय संस्थाले सहकारीहरुमा पनि कर्जा प्रवाह गरी १५० संस्था पुगेको, नाफाको प्रतिफल राम्रो रहेको र बार्षिक प्रतिवेदन नेपाली तथा अंग्रेजी भाषामा

रहेको कारण लागत बढि पर्न गएको विचार राख्नु भयो । वार्षिक प्रतिवेदन छपाई कार्यमा मितव्ययी बन्न सुझाव राख्दै तिहार तथा छठको शुभकामना व्यक्त गर्नु भयो ।

९. <u>सभामा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरुको जवाफ :</u>

साधारण सभामा सहभागी शेयरधनीहरुहरुबाट मन्तव्य राख्ने काम समाप्त भएपछि वक्ता शेयरधनीहरुबाट छलफलको क्रममा राखिएका जिज्ञासा, टिप्पणी तथा सुझावहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले स्पष्ट पार्दै प्रतिउत्तर दिनुभयो । वक्ता शेयरधनी महानुभावहरुबाट प्राप्त सकारात्मक प्रतिक्रिया तथा टिप्पणीहरुको लागि हार्दिक धन्यवाद ज्ञापन गर्दै छलफलका क्रममा वक्ताहरुबाट राखिएका मन्तव्यहरु आगामी दिनमा कार्यान्वयन गर्नको लागि सुझावहरुको रुपमा प्राप्त हुन आएकाले उल्लेखित सुझावहरुलाई आगामी दिनमा सकारात्मक ढंगले कार्यान्वयन गर्दै लगिने प्रतिवद्धता अध्यक्षले सभा समक्ष व्यक्त गर्नुभयो ।

सक्रियतापूर्वक छलफलमा सहभागी भई आफ्ना बिचारहरु राखी रचनात्मक सुझावहरु प्रदान गर्नु भएकोमा सवै वक्ता शेयरधनीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गरियो । तत्पश्चात साधारणसभामा प्रस्तुत हुने निम्नानुसार प्रस्तावहरु पारित गर्न अनुरोध गर्दै अध्यक्षज्यूको आज्ञा अनुसार कम्पनी सचिवले निम्नानुसार प्रस्तावहरु निर्णयार्थ सभा समक्ष प्रस्तुत गर्नु भयो ।

१०. <u>सभाको निर्णयः</u>

(क) सामान्य प्रस्ताव तर्फ

१) आर्थिक वर्ष २०७५/७६ को सञ्चालक समितिको बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

**प्रस्ताव नं. १ को विषयमा छलफल हुँदा सञ्चालक समितिको तर्फबाट दशौं वार्षिक साधारण सभामा प्रस्तुत भएको वार्षिक प्रतिवेदन छलफल पश्चात पारित गर्न निर्णयार्थ सभामा प्रस्तुत हुँदा उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।**

२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७६ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७५/७६ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र लेखा सम्वन्धी नीतिहरु सहितको तत् सम्बन्धी अनुसूचीहरु र नेपाल वित्तीय विबरण प्रतिवेदन मान (NFRS) बमोजिम तयार गरिएको वार्षिक वित्तीय विबरणहरु उपर छलफल गरी पारित गर्ने ।

**प्रस्ताव नं. २ को सम्बन्धमा छलफल हुँदा लेखापरीक्षकको प्रतिवेदन सहितको २०७६ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७५/७६ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र लेखा सम्बन्धी नीतिहरु सहितको तत् सम्बन्धी अनुसूचीहरु र नेपाल वित्तीय विवरण प्रतिवेदन मान (NFRS) बमोजिम तयार गरिएको वार्षिक वित्तीय विबरणहरु समेत पारित गरियोस् भनी सभा समक्ष प्रस्ताव पेश भएकोमा सभाले सर्वसम्मतिबाट उक्त प्रस्ताव पारित गर्ने निर्णय गऱ्यो ।**



First Microfinance

३) सञ्चालक समितिवाट प्रस्ताव गरिएको रु.६१,२३,५२३ (अक्षरेपी रु.एकसठ्ठी लाख तेईस हजार पाँच सय तेईस मात्र ) नगद लाभांश कर प्रयोजनको लागि पारित गर्ने ।

**प्रस्ताव नं. ३ को विषयमा छलफल हुँदा यस बैंकको सञ्चालक समितिको मिति २०७६/०६/०६ गते बसेको बैठकको निर्णयानुसार आर्थिक वर्ष २०७५/७६ सम्मको सञ्चित नाफाबाट साधारण सभा प्रयोजनका लागि शेयर दर्ता किताव वन्द भएको मितिमा कायम रहेका शेयरधनीहरुलाई रु.६१,२३,५२३ (अक्षरेपी रु.एकसठ्ठी लाख तेईस हजार पाँच सय तेईस मात्र) नगद लाभांश कर प्रयोजनको लागि स्वीकृति गरियोस् भनी सभा समक्ष प्रस्ताव पेश भएकोमा सभाबाट उक्त प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गर्‍यो ।**

४) कम्पनीको आर्थिक वर्ष २०७६/७७ को लेखापरीक्षण कार्यका लागि लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने (बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ बमोजिम वर्तमान लेखापरीक्षक श्री पि.वाई.सी.एण्ड एसोसिएट्स,(युद्धराज ओली, एफ्.सि.ए) चार्टर्ड एकाउन्टेन्टस् पुनः नियुक्त हुन योग्य हुनुहुन्छ) ।

**प्रस्ताव नं. ४ को विषयमा छलफल हुँदा कम्पनी ऐन, २०६३ को दफा १११ र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को व्यवस्था अनुसार लेखापरीक्षण समितिले सिफारिस गरेबमोजिम आर्थिक वर्ष २०७६/७७ को लेखापरीक्षण गर्न लेखापरीक्षक श्री पि.वाई.सी.एण्ड एसोसिएट्स (युद्धराज ओली, एफ्.सि.ए) लाई मुल्य अभिवृद्धि कर सहित रु.३,३९,०००।-(अक्षरेपि तीन लाख उनन्चालीस हजार मात्र) दिने गरी अन्तिम लेखापरीक्षण गरी नेपाल वित्तीय विवरण प्रतिवेदनमान तथा नेपाल राष्ट्र बैंकले तोकेको ढाँचा बमोजिमको लेखापरिक्षण प्रतिवेदन, कर लेखापरीक्षण, लङ्गफर्म अडिट रिपोर्ट, कम्पनी ऐनको दफा ७८ बमोजिमको विवरण र संक्षिप्त बार्षिक आर्थिक विवरणको प्रमाणीकरण लगायत बार्षिक रुपमा अन्तिम लेखापरीक्षकले सम्पादन गर्ने कार्यहरुको लागि एकमुष्ठ पारिश्रमिकको रुपमा प्रदान गर्ने गरी सर्वसम्मतिबाट स्वीकृत गर्‍यो ।**

**ख) <u>विशेष प्रस्ताव तर्फ</u>**

५) संचालक समितिबाट प्रस्ताव गरे अनुसार चुक्ता पूँजीको १७ प्रतिशतले हुने रु.११,६३,४६,९४६ (अक्षरेपी रु. एघार करोड त्रिसठ्ठी लाख छयालीस हजार नौ सय छयालीस मात्र ) बोनश शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

**प्रस्ताव नं. ५ को विशेष प्रस्तावको सम्बन्धमा छलफल हुँदा संचालक समितिबाट प्रस्ताव गरे अनुसार चुक्ता पूँजीको १७ प्रतिशतले हुने रु.११,६३,४६,९४६ (अक्षरेपी रु. एघार करोड त्रिसठ्ठी लाख छयालीस हजार नौ सय छयालीस मात्र ) बोनश शेयर वितरण गर्न सर्वसम्मतीले स्वीकृत गरी पारित गर्‍यो ।**

६) कम्पनीको वर्तमान अधिकृत, जारी तथा चुक्ता पुँजी रु.६८,४३,९३,८०० (अक्षरेपी रु.अठ्सठ्ठी करोड त्रिचालिस लाख त्रियानब्बे हजार आठ सय) बाट बृद्धि गरी रु.८०,०७,४०,७४६ (अक्षरेपी रु.असी करोड सात लाख चालीस हजार सात सय छयालीस ) पुर्‍याउने ।

**प्रस्ताव नं. ६ को विशेष प्रस्तावको सम्बन्धमा छलफल हुँदा यस लघु वित्त वित्तीय संस्थाको प्रबन्धपत्रको निम्नानुसार दफा संशोधन गर्ने निर्णय गरियो :**



First Microfinance

प्रबन्धपत्रको दफा ६ को उपदफा (क), (ख), (ग) मा संशोधन :

(क) लघु वित्त वित्तीय संस्थाको अधिकृत पूँजी रु.८०,०७,४०,७४६(अक्षरेपी रु.असी करोड सात लाख चालीस हजार सात सय छयालीस) हुनेछ । सो पुँजीलाई प्रतिशेयर रु. १०० दरका ८०,०७,४०८ (असी लाख सात हजार चार सय आठ) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ख) लघु वित्त वित्तीय संस्थाको तत्काल जारी गर्ने शेयर पुँजी रु.८०,०७,४०,७४६ (अक्षरेपी रु.असी करोड सात लाख चालीस हजार सात सय छयालीस) हुनेछ । सो पुँजीलाई प्रतिशेयर रु. १०० दरका ८०,०७,४०८ (असी लाख सात हजार चार सय आठ) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ग) लघु वित्त वित्तीय संस्थाको तत्काल चुक्ता गर्न कबुल गरेको पुँजी रु.८०,०७,४०,७४६ (अक्षरेपी रु.असी करोड सात लाख चालीस हजार सात सय छयालीस ) हुनेछ ।

७) उपरोक्त प्रस्तावहरु बमोजिम प्रबन्धपत्रमा आवश्यक संशोधन गर्ने तथा सोही सम्बन्धमा नियमनकारी निकायबाट भएको निर्देशनलाई समेत समावेश गरी संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**प्रस्ताव नं. ७ को विशेष प्रस्तावको सम्बन्धमा छलफल हुँदा उपरोक्त बमोजिमको यस लघु वित्त वित्तीय संस्थाको प्रबन्धपत्रका दफाहरुमा संशोधन गर्ने र नेपाल राष्ट्र बैंक वा अन्य नियमनकारी निकायबाट हुने फेरवदलका निर्देशनलाई समेत समावेश गरेर प्रबन्धपत्रमा थप संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले निर्णय गऱ्यो ।।**

ग) विविध तर्फ

८) रिक्त संचालकको पदपूर्ति अनुमोदन गर्ने ।

**प्रस्ताव नं. ८ को विविध प्रस्तावको सम्बन्धमा छलफल हुँदा यस लघुवित्त वित्तीय संस्थाको संचालक समितिको मिति २०७६।०३।२८ गते बसेको १५२ औं बैठकको निर्णयबाट सर्वसाधारण समूह "ख"बाट प्रतिनिधित्व गर्ने संचालकको रिक्त स्थानमा गोर्खाज फाइनान्स लिमिटेडका श्री ज्ञानेन्द्र ईवाहाङलाई बाँकी अबधिका लागि संचालक नियुक्त गरेकोमा अनुमोदन गर्ने निर्णय गरियो ।**

११. धन्यवाद ज्ञापन तथा सभा विसर्जन

यस साधारण सभामा अन्य छलफलका विषयहरु नभएकोले कम्पनी सचिवज्यूले सभाको विसर्जन गर्न अध्यक्षज्यूलाई अनुरोध गर्नुभयो । साथै, अध्यक्षज्यूको आज्ञा अनुसार कम्पनी सचिवले सभामा उपस्थित शेयरधनी महानुभावहरु, आमन्त्रित साथै प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्थाको दशौं वार्षिक साधारण सभा सफल बनाउन सहयोग गर्ने सबैलाई धन्यवाद दिनुभयो र साधारण सभा सम्पन्न भएको घोषणा गर्नुभयो ।

First Microfinance

दानराज पन्त
कम्पनी सचिव

सुरेन्द्रराज रेग्मी
अध्यक्ष